श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबारको
सूचना

श्री ५ महाराजाधिराजबाट नेपालको संविधानबमोजिम देहायका व्यक्तिहरूलाई राष्ट्रिय पञ्चायतको सदस्यमा मनोनीत गरिबक्सेको छ।

१. डा. श्री तुलसी गिरी
२. श्री खड्गबहादुर सिंह

हुकुमबक्सेबमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबारको
विज्ञप्ति

श्री ५ महाराजाधिराजका हजूरमा प्रधानमन्त्री श्री नगेन्द्रप्रसाद रिजालले २०३२ साल मंसीर १४ गते आफ्नो पदबाट राजीनामा चढाउनुभएकोमा मौसूफबाट सो राजीनामा स्वीकृत गरिबक्सी प्रधानमन्त्री लगायत सबैलाई आ-आफ्नो ओहदामा रही ईमानदारीपूर्वक गरेको कामको निमित्त धन्यवाद बक्सँदै नेपालको संविधानबमोजिम वर्तमान मन्त्रिपरिषद् विघटन गरिबक्सेको छ।

साथै, मौसूफबाट नेपालको संविधानबमोजिम डा. श्री तुलसी गिरीलाई प्रधानमन्त्री पदमा नियुक्त गरिबक्सी निजको अध्यक्षतामा देहायबमोजिमको मन्त्रिपरिषद् गठन गरिबक्सेको छ।

मन्त्रिपरिषद् गठनविधि

१. डा. श्री तुलसी गिरी	–	प्रधानमन्त्री।
२. श्री खड्गबहादुर सिंह	–	मन्त्री।
३. श्री कृष्णराज अर्याल	–	मन्त्री।
४. श्री जोगमेहर श्रेष्ठ	–	मन्त्री।
५. श्री भोजराज घिमिरे	–	मन्त्री।
६. डा. श्री भेषबहादुर थापा	–	मन्त्री।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राज्यमन्त्री

१. श्री हरिश्चन्द्र महत	–	राज्यमन्त्री ।
२. श्रीमती सुशीला थापा	–	राज्यमन्त्री ।
३. श्री बालाराम घर्ती मगर	–	राज्यमन्त्री ।
४. श्री भोलानाथ झा	–	राज्यमन्त्री ।
५. डा. श्री रामप्रसाद राजवाहक	–	राज्यमन्त्री ।

सहायकमन्त्री

१. श्री भीमप्रसाद गौचन	–	सहायकमन्त्री ।
२. श्री लवरू राना थारू	–	सहायकमन्त्री ।
३. श्री हीरालाल विश्वकर्मा	–	सहायकमन्त्री ।
४. श्री मानबहादुर जवेगु	–	सहायकमन्त्री ।

नेपाल र नेपालीको कल्याण तथा उन्नतिको निमित्त हुने काममा सदाको झैं यो मन्त्रि–परिषद्‌ले पनि सबैबाट आवश्यक सहयोग प्राप्त गर्नेनैछ भन्ने मौसूफबाट आशा व्यक्त गरिबक्सेको छ ।

हुकुमबक्सेबमोजिम,

रञ्जनराज खनाल

श्री ५ महाराजाधिराजका सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग संदर्भका लागि